# नेपाल विद्यार्थी संघको विधान, २०२७
**(सातौं संशोधन २०७५)**

**प्रस्तावना :**

नेपालको लोकतान्त्रिक तथा शैक्षिक आन्दोलनमा जीवन उत्सर्ग गर्ने अमर शहिदहरुप्रति श्रद्धा सुमन अर्पण गर्दै, राणा शासनबाट मुक्तिका लागि नेपाली कांग्रेसले गरेको २००७ सालको जनक्रान्तिबाट उत्प्रेरित रहँदै, जयतु संस्कृतम आन्दोलनलाई नेपालको विद्यार्थी आन्दोलनको गौरवमय प्रस्थान विन्दुका रुपमा उच्च सम्मानका साथ स्मरण गर्दै, नेपालको स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताका निम्ति भएका सबै संघर्ष र बलिदानलाई शिरोपर गर्दै, जननायक वी. पी. कोइरालाले अघि सार्नु भएको जीवन्त र कालजयी विचार एवं चिन्तन प्रति अटुट आस्था र विश्वास राख्दै, सन्तनेता कृष्णप्रसाद भट्टराईद्वारा २०२७ साल बैशाख ६ गते उद्घाटित नेपाल विद्यार्थी संघद्वारा राष्ट्रियता, लोकतन्त्र, समाजवाद र विद्यार्थी एकता जस्ता आफ्ना आदर्श कार्यान्वयनका लागि स्थापना कालदेखि २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलन मार्फत लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि समग्र नेपाली विद्यार्थीहरुको हक अधिकार संरक्षण र संबर्धनमा निर्वाह गरेको उल्लेखनिय भूमिकालाई अनुसरण गर्दै, ज्ञान सीप र रोजगारीको अभिवृद्धि हुने गुणस्तरिय एवं व्यवसायिक शिक्षाको प्रत्याभूतिका लागि अनवरत संघर्ष गर्ने अठोट लिँदै, लोकतान्त्रिक प्रणालीको सुदृढीकरण तथा समुन्नत र समृद्ध नेपालका लागि निरन्तर समर्पित रहने प्रतिवद्धता र संकल्पका साथ नेपाल विद्यार्थी संघको विधान २०२७ को सातौं संशोधन २०७५ लागू गरिएको छ ।

## भाग १

**धारा १ : नाम र प्रारम्भ :**

(१) यस विधानको नाम नेपाल विद्यार्थी संघको विधान, २०२७ (२०५२, २०५७, २०५९, २०६४, २०६७, २०७३ र २०७५ मा संशोधित र परिमार्जित) रहनेछ ।

(२) यो विधान नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिद्वारा स्वीकृत मितिदेखि प्रारम्भ हुनेछ ।

(३) यस विधानको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

(४) नेपाल विद्यार्थी संघलाई छोटकरीमा ने. वि. संघ र यसलाई अंग्रेजीमा Nepal Students' Union (NSU) भनिनेछ ।

(५) ने. वि. संघ केन्द्रीय कार्यसमितिले यस विधानको अधिनमा रही नियमावली, कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।

**धारा २. आदर्श :**

राष्ट्रियता, लोकतन्त्र, समाजवाद र विद्यार्थी एकता नेपाल विद्यार्थी संघका आदर्श हुन् ।

**धारा ३. उद्देश्य :**

**विद्यार्थीहरुको हक हित र अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्दै, समृद्ध नेपाल निर्माणमा अग्रसर गराउनका निम्ति समस्त विद्यार्थीहरुलाई,**

(१) नेपाल विद्यार्थी संघको आदर्श, सिद्धान्त र नीति तथा कार्यक्रमका बारेमा प्रशिक्षित गरी संगठन निर्माणमा प्रेरित गराउन ।

(२) लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास गरी स्वतन्त्रता, समानता, भातृत्व, स्वाभिमानी, सभ्य, आदर्शवान, नैतिक, इमान्दार, अध्ययनशील, रचनात्मक र सृजनशील बनाउन ।

(३) समावेशी सिद्धान्तको कार्यान्वयन गरी नेपाल विद्यार्थी संघलाई आम विद्यार्थीहरुको प्रतिभा, विकास र अवसरको थलो बनाउन ।

(४) विद्यार्थी समुदायको बौद्धिक र चारित्रिक विकासका लागि उपयुक्त कार्यक्रम तर्जुमा गरी रचनात्मक क्रियाकलापमा उत्प्रेरित गराउन ।

(५) विद्यार्थी वर्गमा राष्ट्रियताको भावना विकसित गराई लोकतान्त्रिक तथा मौलिक अधिकारको संरक्षण, सम्बर्द्धन एवं विकासको लागि प्रेरित गर्न, समाजमा विद्यमान आर्थिक, सामाजिक विभेद विरुद्ध विद्यार्थी वर्गलाई जागरुक तुल्याई जनआन्दोलनद्वारा स्थापित बहुलवादमा आधारित लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणालीको सुदृढीकरणका लागि सदैव अग्रसर तुल्याउन ।

(६) समान धारणा, आस्था, उद्देश्य र लक्ष्यलाई प्रतिनिधित्व गर्ने विभिन्न संघ-संस्थासँग सम्बन्ध राखी समन्वय कायम गराउन ।

(७) ज्ञान, सीप र उद्यमशीलताको विकास गरी विश्वसामु नेपालको अस्तित्व र पहिचानलाई फैलाउँदै समृद्ध नेपाल निर्माणमा अभिप्रेरित गराउन ।

(८) हरेक मुलुकमा भएको लोकतान्त्रिक आन्दोलनलाई नैतिक समर्थन गर्दै मानव अधिकारको विश्वव्यापी मूल्य-मान्यता स्थापित गर्न, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आफ्ना धारणा र गतिविधिलाई अगाडि बढाउन ।

(९) नेपाल विद्यार्थी संघको आदर्श र सिद्धान्त प्रति प्रतिवबद्ध सम्पुर्ण सदस्यहरुका वीच विद्यार्थी एकता कायम गराउन ।

(१०) तराई मधेश, पहाड र हिमाल सबै भू-भागलाई एकताको सुत्रमा बाँधि समतामुलक शिक्षा प्रणाली लागू गराउन ।

(११) गुणस्तरिय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै माध्यामिक तहसम्म शिक्षालाई अनिवार्य र निःशुल्क बनाउन ।

## धारा ४ : परिभाषा :

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,**

(१) "संघ" भन्नाले नेपाल विद्यार्थी संघलाई बुझाउने छ ।

(२) "सदस्य" भन्नाले यस विधान बमोजिम ने.वि.संघको सदस्यलाई बुझाउनेछ ।

(३) "पार्टी" भन्नाले नेपाली कांग्रेस पार्टीलाई बुझाउने छ ।

(४) "केन्द्र" भन्नाले नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यालयलाई बुझाउने छ ।

(५) "प्रदेश समिति" भन्नाले सम्बन्धित प्रदेश कार्यसमितीलाई जनाउने छ ।

(६) "जिल्ला समिति" भन्नाले संघको सम्बन्धित जिल्लाको जिल्ला समितिलाई बुझाउने छ ।

(७) "पालिका" भन्नाले स्थानीय तहमा रहेका सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई बुझाउने छ ।

(८) "सिनेट" भन्नाले संघको केन्द्रीय सभालाई बुझाउने छ ।

(९) "विभाग" भन्नाले संघको केन्द्रीय विभाग/प्रदेश विभागलाई बुझाउनेछ ।

(१०) "विश्वविद्यालय समन्वय समिति" भन्नाले सम्बन्धित विश्वविद्यालय अन्तर्गतका क्याम्पसका प्रतिनिधिहरु सम्मिलित अधिवेशनबाट गठित कार्यसमितिलाई जनाउनेछ ।

(११) "स्व.वि.यू. परिषद्" भन्नाले ने.वि. संघको तर्फवाट विजयी भएका विभिन्न स्व.वि.यू. प्रतिनिधिहरुको अधिवेशनद्वारा गठित परिषद्लाई बुझाउने छ ।

(१२) "प्राविधिक विद्यार्थी परिषद्" भन्नाले विभिन्न विश्वविद्यालयका प्राविधिक क्याम्पसहरुमा रहेको ने. वि. संघका विभिन्न एकाईहरु तथा नेपाल विद्यार्थी संघको तर्फबाट उम्मेदवार भई विजयी भएका स्व.वि.यू.को अधिवेशनद्वारा गठित परिषद्लाई बुझाउने छ । यसलाई अँग्रेजीमा Forum for Technical Students' (FOTS) भनिनेछ ।

(१३) "विदेश शाखा" भन्नाले नेपाल बाहिर विभिन्न देशमा विधान बमोजिम गठन भएका नेपाल विद्यार्थी संघका शाखाहरुलाई जनाउनेछ ।

(१४) "एकाई" भन्नाले मा.वि., क्याम्पस र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सीटीईभीटी) एकाईलाई बुझाउने छ ।

## भाग २

### धारा ५. सदस्यता :

(१) यस विधान अन्तर्गत रही यसको आदर्श, उद्देश्य र सिद्धान्तमा आस्था र विश्वास राख्दै ने.वि.संघको अनुशासन भित्र रहन मञ्जुर गर्ने नेपालभर वा विदेशस्थित विभिन्न शैक्षिक संस्थामा अध्ययनरत कुनै पनि नेपाली विद्यार्थीले रु. २५/- (पच्चिस) शुल्क बुझाई नेपाल विद्यार्थी संघको सदस्य बन्न सक्ने छन् ।

(२) कुनै पनि सदस्यले नियमित अध्ययन समाप्त भएको मितिदेखि १ वर्ष सम्म निजले चाहेमा सदस्य बन्न योग्यता राख्नेछ ।

(३) केन्द्रीय कार्यसमितिले नेपाल विद्यार्थी संघको विधान बमोजिम विलय हुने कुनै अन्य विद्यार्थी संस्थाका सदस्यलाई सदस्यता दिन सक्नेछ ।

(४) अन्य विद्यार्थी संगठनबाट समायोजित भई आएका पदाधिकारी वा सदस्यहरुलाई मातृ पार्टी नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको निर्देशन बमोजिम कार्यविधि बनाई केन्द्रीय समिति र मातहतका विभिन्न तहमा समायोजन गर्दा यस विधानमा भएको अन्य व्यवस्थाले बाधा पारेको मानिने छैन ।

(५) ३२ वर्ष पूरा भएको व्यक्ति ने.वि.संघको सदस्य बन्न पाउने छैन । यो व्यवस्था संघको १२ औं महाधिवेशनबाट लागू हुनेछ ।

(६) ने.वि.संघको कुनै पनि तहको कुनै पनि पदमा बहाल रहेको पदाधिकारी माथिल्लो पदमा उम्मेदवार भएमा बहाल रहेको साविकको पद स्वतः रिक्त हुनेछ । रिक्त पदमा विधानमा व्यवस्था भए बमोजिम पदपुर्ति हुनेछ ।

## भाग ३

### धारा ६. निकायहरु :

(१) माध्यामिक विद्यालय एकाई : देशभरिका माध्यामिक विद्यालयहरुमा नेपाल विद्यार्थी संघ माध्यामिक विद्यालय एकाई गठन हुनेछ ।

(२) क्याम्पस एकाई : देशभरीका विश्वविद्यालय अन्तर्गतका प्रत्येक क्याम्पसमा ने.वि.संघ क्याम्पस एकाई गठन हुनेछ ।

(३) सीटीईभीटी एकाई : प्राविधिक शिक्षालय एवं व्यवसायिक तालिम परिषद् (सीटीईभीटी) अन्तर्गतका शिक्षालयहरुमा ने.वि.संघ सीटीईभीटी एकाई गठन हुनेछ ।

(४) पालिका समन्वय समिति : स्थानीय तह अन्तर्गत गाउँ, नगर, उपनगर र महानगरपालिकामा रहेका माध्यामिक विद्यालय, सीटीईभीटी, क्याम्पस एकाई अध्यक्ष सम्मिलित पालिका समन्वय समिति गठन हुनेछ ।

(५) विश्वविद्यालय समिति : हरेक विश्वविद्यालयका केन्द्रीय क्याम्पसहरुमा ने.वि.संघ विश्वविद्यालय क्याम्पस समिति गठन हुनेछ ।

(६) जिल्ला समिति : नेपालभरिका ७७ जिल्लामा नेपाल विद्यार्थी संघको जिल्ला शाखाको रुपमा जिल्ला समिति गठन हुनेछ ।

(७) प्राविधिक विद्यार्थी परिषद् : देशभरिका विभिन्न प्राविधिक क्याम्पसहरुमा रहेका ने.वि.संघका एकाईहरु तथा ने.वि.संघका तर्फबाट विजयी भएका स्व.वि.यू. का प्रतिनिधिहरुको अधिवेशनबाट प्राविधिक विद्यार्थी परिषद् गठन हुनेछ ।

(८) स्व.वि.यू. परिषद् : विभिन्न विश्वविद्यालयका क्याम्पसहरुमा ने.वि.संघको तर्फबाट निर्वाचित भएका स्व.वि.यु. प्रतिनिधिहरुको अधिवेशनबाट स्व.वि.यू. परिषद गठन हुनेछ ।

(९) विदेश शाखा : नेपाली विद्यार्थीहरु अध्ययनरत रहेका नेपाल बाहिरका विभिन्न मुलुकहरुमा संघको विदेश शाखा गठन गर्न सकिनेछ ।

(१०) सम्पर्क समिति : राजधानी लगायत विभिन्न जिल्ला सदरमुकाम एवं क्याम्पसहरुमा देशका अन्य ठाउँहरुबाट आएका ने.वि.संघका सदस्यहरुद्वारा सम्बन्धित निकायसँग समन्वय गरी ने.वि.संघ सम्पर्क समिति गठन गर्न सकिनेछ ।

(११) विश्वविद्यालय समन्वय समिति : सम्बन्धित विश्वविद्यालय अन्तर्गतका क्याम्पस एकाईहरुका अध्यक्षहरुको प्रतिनिधित्व हुने गरी विश्वविद्यालय समन्वय परिषद् गठन हुनेछ । सो परिषद्ले आफू मध्येबाट विश्वविद्यालय समन्वय समिति गठन गर्नेछ । त्रिभुवन विश्वविद्यालयको हकमा यस अन्तर्गत रहेका आंगिक, सामुदायिक र संस्थागत (निजी) क्याम्पसहरुको अलग-अलग परिषद्बाट समन्वय समिति गठन हुनेछ ।

(१२) प्रदेश समिति : सबै प्रदेशमा नेपाल विद्यार्थी संघको प्रदेश समिति गठन गरिनेछ ।

## भाग ४

### धारा ७. महाधिवेशन :

(१) महाधिवेशन ने.वि.संघको अधिकार सम्पन्न सर्वोच्च निकाय हुनेछ ।

(२) केन्द्रीय अध्यक्ष र महामन्त्रीहरु महाधिवेशनका सभापति र महामन्त्रीहरु रहनेछन् ।

(३) महाधिवेशनमा देहाय बमोजिमका प्रतिनिधिहरु सहभागी हुनेछन् ।

(क) प्रदेश अधिवेशनबाट निर्वाचत महाधिवेशन प्रतिनिधिः

(१) विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट हरेक विश्वविद्यालयको अलग-अलग रुपमा समावेशीताको आधारमा सम्पूर्ण संख्याको २० प्रतिशत महाधिवेशन प्रतिनिधि निर्वाचित गरिनेछ ।

(२) सीटीईभीटी अन्तर्गतका शिक्षालयहरुबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट समावेशीताको आधारमा सम्पूर्ण संख्याको २० प्रतिशत महाधिवेशन प्रतिनिधि निर्वाचित गरिनेछ ।

(३) क्याम्पस एवं सीटीईभीटी एकाई प्रतिनिधि बाहेक भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट समावेशीताको आधारमा अधिवेशनको सम्पूर्ण संख्याको २० प्रतिशत महाधिवेशन प्रतिनिधि निर्वाचित गरिनेछ ।

(ख) २१ सदस्यीय स्व.वि.यु. रहने क्याम्पस र विश्वविद्यालय क्याम्पसहरुबाट अनुसूची–१ मा व्यवस्था भए बमोजिम महाधिवेशन प्रतिनिधि रहने छन् ।

(ग) प्रदेश समिति अध्यक्ष, जिल्ला समिति अध्यक्ष र उपत्यका समितिका अध्यक्ष, २१ सदस्यीय स्व.वि.यु. रहेका क्याम्पसका एकाई अध्यक्ष र स्व.वि.यु. सभापति, विश्वविद्यालय समन्वय समिति अध्यक्ष, स्ववियु परिषद् अध्यक्ष, विदेश शाखा अध्यक्ष, सीटीईभीटी समन्वय समिति अध्यक्ष, प्राविधिक विद्यार्थी परिषद्का अध्यक्ष पदेन महाधिवेशन प्रतिनिधि हुनेछन् ।

(५) प्रत्येक विदेश शाखाबाट :

(क) भारत स्थित विदेश शाखाबाट कम्तिमा दुई छात्रा प्रतिनिधित्व हुने गरी सात जना ।

(ख) भारत बाहेक अन्य प्रत्येक विदेश शाखाबाट एक छात्रा सहित तीन जना ।

(६) केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु पदेन महाधिवेशन प्रतिनिधि रहनेछन् ।

(७) ने.वि.संघका सदस्यहरु मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरि केन्द्रीय अध्यक्षद्वारा मनोनित २० जना महाधिवेशन प्रतिनिधि हुनेछन् ।

### धारा ८. महाधिवेशनको काम, कर्तव्य र अधिकार :

महाधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) विधानमा उल्लेख भए बमोजिम केन्द्रीय कार्यसमितिको निर्वाचन गर्ने ।

(२) महाधिवेशनले संघको विधानमा परिमार्जन र संशोधन गर्न सक्नेछ । यसरी संशोधित विधान नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिमा प्रस्तुत भई स्वीकृत भएको हदसम्म मात्र लागू हुनेछ ।

(३) केन्द्रीय कार्यसमितिद्वारा प्रस्तुत विषय उपर विचार विमर्श गरी निर्णय गर्ने ।

(४) संघको नीति तथा कार्यक्रम निर्माण गरी केन्द्रीय कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(५) महाधिवेशनले आवश्यकता अनुसार आफ्नो अधिकार राष्ट्रिय सिनेट, केन्द्रीय कार्यसमिति र केन्द्रीय अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

# भाग ५

## धारा ९. सिनेट :

सिनेटको गठन देहाय बमोजिम हुनेछ ।

(१) केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु ।

(२) प्रदेश अध्यक्ष, उपत्यका समिति अध्यक्ष, ७७ जिल्ला अध्यक्ष, विश्वविद्यालय समन्वय समितिका अध्यक्ष, स्व.वि.यु. परिषद्का अध्यक्ष, प्राविधिक विद्यार्थी परिषद्का अध्यक्ष, सिटिइभिटी समन्वय समितिका अध्यक्ष, विदेश क्षेत्रका अध्यक्ष, स्व.वि.यू. सभापति, स्व.वि.यु. निर्वाचन हुने क्याम्पस एकाई अध्यक्ष सिनेट सदस्य हुनेछन् ।

(३) केन्द्रीय अध्यक्ष र महामन्त्रीहरु सिनेटका अध्यक्ष र महामन्त्रीहरु रहनेछन् ।

## धारा १०. राष्ट्रिय सिनेटको काम, कर्तव्य र अधिकार :

(१) केन्द्रीय कार्यसमितिले प्रस्तुत गरेका विषय उपर निर्णय गर्ने, निर्देशन दिने र आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।

(२) सिनेटले आवश्यकता अनुसार आफ्नो अधिकार केन्द्रीय कार्यसमिति र केन्द्रीय अध्यक्षलाई प्रत्यायोजन गर्नेछ ।

(३) सिनेटले एउटा महाधिवेशन समाप्त भई अर्को महाधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा केन्द्रीय समितिको गठन बाहेक महाधिवेशनको अन्य सम्पूर्ण कार्य गर्न सक्नेछ ।

(४) राष्ट्रिय सिनेटको बैठक कम्तिमा वर्षको १ पटक केन्द्रीय समितिले बोलाउने छ ।

(५) ने.वि.संघ भित्र उत्पन्न कुनै पनि गम्भीर नीतिगत विषयमा केन्द्रीय समितिका २५ प्रतिशत सदस्यले अध्यक्षलाई लिखित अनुरोध गरेमा अध्यक्षले २ महिना भित्र सिनेटको बैठक बोलाई उक्त विषयमा छलफल गरी अन्तिम टुङ्गो लगाउने छ ।

(६) संघको विधानमा संशोधन र परिमार्जन गर्न आवश्यकता महसुस गरी सिनेटका पच्चिस प्रतिशत सदस्यहरुले हस्ताक्षर गरी केन्द्रीय समिति समक्ष सिनेटको बैठक माग गर्न सक्नेछन् । ने.वि.संघ केन्द्रीय समितिले यस्तो बैठक माग गरिएको मितिले २ महिना भित्र बोलाउनु पर्नेछ । सिनेटका दुई तिहाई सदस्यहरुले विधानमा आवश्यक संशोधन र परिमार्जन गर्न सक्नेछन् । यस्तो संशोधन र परिमार्जन नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिद्वारा स्वीकृति प्राप्त भएको हद सम्म मात्र लागू हुनेछ ।

# भाग ६

**धारा ११.** नेपाल विद्यार्थी संघ केन्द्रीय समिति, निर्वाचित ८० र मनोनित २१ गरी १०१ जनाको हुनेछ ।

**नेपाल विद्यार्थी संघको केन्द्रीय समितिको गठन देहाय बमोजिम हुनेछ ।**

| निर्वाचित | | |
|---|---|---|
| पद | | संख्या |
| अध्यक्ष | | १ |
| महामन्त्री | | १ |
| उपाध्यक्ष | खुला<br>(प्रत्येक प्रदेशभित्रका मतदाताहरुबाट निर्वाचित हुने) | ७ |
| उपाध्यक्ष | छात्रा<br>(देशभरिका मतदाताबाट निर्वाचित हुने) | १ |
| उपाध्यक्ष | आदिवासी/जनजाती<br>(देशभरिका मतदाताबाट निर्वाचित हुने) | १ |

| | | |
|---|---|---|
| उपाध्यक्ष | मधेशी<br>(देशभरिका मतदाताबाट निर्वाचित हुने) | १ |
| उपाध्यक्ष | दलित<br>(देशभरिका मतदाताबाट निर्वाचित हुने) | १ |
| कोषाध्यक्ष | | १ |
| सहमहामन्त्री | खुला<br>(प्रत्येक प्रदेशभित्रका मतदाताहरुबाट निर्वाचित हुने) | ७ |
| सहमहामन्त्री | छात्रा<br>(देशभरिका मतदाताबाट निर्वाचित हुने) | १ |
| सहमहामन्त्री | आदिवासी /जनजाती<br>(देशभरिका मतदाताबाट निर्वाचित हुने) | १ |
| सहमहामन्त्री | मधेसी<br>(देशभरिका मतदाताबाट निर्वाचित हुने) | १ |
| सहमहामन्त्री | दलित<br>(देशभरिका मतदाताबाट निर्वाचित हुने) | १ |
| सहमहामन्त्री | उपत्यकाञ्चल<br>(उपत्यकाञ्चलका मतदाताबाट निर्वाचित हुने) | १ |
| सदस्य | प्रदेश<br>(प्रत्येक प्रदेशभित्रका मतदाताबाट निर्वाचित हुने गरी एक छात्रा सहित ४ जना) | २८ (छात्रा ७) |
| | आदिवासी /जनजाती | ३ (छात्रा १) |
| | मधेसी | ३ (छात्रा १) |
| | दलित | २ (छात्रा १) |
| | थारु | १ |
| | मुस्लिम | १ |
| | काठमाडौं उपत्यका | २ (छात्रा १) |
| | त्रि. वि. आंगिक | १ |
| | त्रि. वि. सामुदायिक | १ |
| | नेपाल संस्कृत विश्वविद्यालय | १ |
| | पूर्वाञ्चल विश्वविद्यालय | १ |
| | पोखरा विश्वविद्यालय | १ |
| | काठमाण्डौ विश्वविद्यालय | १ |
| | मध्यपश्चिम विश्वविद्यालय | १ |
| | सुदुर पश्चिम विश्वविद्यालय | १ |
| | कृषि तथा वन विज्ञान विश्वविद्यालय | १ |
| | प्राविधिक | २ (छात्रा १) |
| | पिछडिएको क्षेत्र | १ |
| | सिटिइभिटी | १ |
| | विदेश क्षेत्र | १ |
| **जम्मा निर्वाचित** | | **८०** |

| मनोनित | | |
|---|---|---|
| पद | मनोनित क्षेत्र | संख्या |
| महामन्त्री | | १ |
| सदस्य | आयोजक जिल्ला | १ |
| | अपांग,अल्पसंख्यक/पिछडिएको क्षेत्र/तेस्रो लिङ्गी | २ |
| | छात्रा | ३ |
| | आदिवासी/जनजाती, मधेसी, दलित (शहिद परिवार, द्वन्द पिडित र जनआन्दोलन घाइते मध्येबाट १ जना) | ४ |
| | खुला | १० |
| **केन्द्रीय अध्यक्षद्वारा जम्मा मनोनित** | | **२१** |

**स्पष्टिकरणः**

*१) अन्य समावेशी भन्नाले अपांग/अल्पसंख्यक/पिछडिएको वर्ग/सिमान्तकृत आदिवासी जनजाती/तेस्रो लिङ्गी/शहिद परिवार/द्वन्द पिडित परिवारलाई बुझाउनेछ ।*

*२) समावेशी प्रतिनिधित्व पुर्ति नहुने अवस्थामा उक्त संख्या खुला संख्यामा थप हुनेछ ।*

## धारा १२. केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार :

(१) संघको उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने कार्य गर्ने ।

(२) तहगत निर्णयहरुको अनुगमन गर्ने ।

(३) सिनेटमा प्रस्ताव पेश गर्ने ।

(४) ने.वि.संघका सदस्यहरुका लागि आचारसंहिता निर्माण गर्ने, पालना गराउने र अनुशासन कायम राख्ने ।

(५) विभिन्न प्रयोजनका लागि आवश्यकता अनुसार आयोग, समिति, उपसमिति बनाउने र त्यसको कार्य क्षेत्र निर्धारण गर्ने ।

(६) अन्तर्राष्ट्रिय यूवा तथा विद्यार्थी एवं अन्य संघ-संस्थाहरुमा सम्पर्क वा मित्रता कायम राखी परस्पर हितलाई संरक्षण र प्रवर्द्धन गर्ने ।

(७) विद्यार्थी हकहितसंग सम्बन्धित विभिन्न रचनात्मक कार्यहरु गर्ने गराउने ।

(८) आफू मातहतका विभिन्न विभाग, प्रदेश, शाखा, समिति र एकाईहरुलाई प्रभाकारी कार्य सम्पादनका लागि आवश्यक निर्देशन दिने ।

## धारा १३. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

**(१) अध्यक्ष**

(क) संघको विधानको संरक्षण, पालना र कार्यान्वयन गर्ने ।

(ख) महाधिवेशन, सिनेट र केन्द्रीय समितिको बैठकको अध्यक्षता गर्ने, संघको आदर्श, सिद्दान्त र मर्यादालाई उच्च राख्दै संघलाई प्रभावकारी नेतृत्व प्रदान गर्ने, आवश्यकता परेको अवस्थामा निर्णायक मत दिने ।

(ग) ने.वि.संघको तर्फबाट राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा अन्य संघ-संस्थामा प्रतिनिधित्व गर्ने वा गराउने ।

(घ) संघका अगाडि तत्काल परि आएका कार्यहरु गर्ने, त्यसको जानकारी केन्द्रीय समितिलाई दिने र आवश्यक निर्णय गराउने ।

(ङ) केन्द्रीय निकायद्वारा भएका निर्णयहरुको कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने ।

(च) उपाध्यक्षहरु मध्येबाट आफ्नो अनुपस्थितिमा कार्यवाहक अध्यक्ष तोक्ने ।

(छ) महामन्त्रीहरुको कार्य विभाजन गर्ने ।

(ज) मातहतका निकायहरुको अधिवेशन गर्न गराउन प्रतिनिधि/पर्यवेक्षक खटाउने । यसरी प्रतिनिधि खटाउँदा केन्द्रीय समितिमा रहेको संस्थागत प्रतिनिधित्वलाई उच्च प्राथमिकता दिने ।

**(२) उपाध्यक्ष**

(क) अध्यक्षको पद रिक्त हुन आएमा केन्द्रीय कार्यसमितिको बैठकले तोकेको उपाध्यक्षले कार्यवाहक अध्यक्षको रुपमा काम गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा तोकिएको उपाध्यक्षले कार्यवाहक अध्यक्ष भई काम गर्ने ।

(ग) आफुले प्रतिनिधित्व गरेको प्रदेशको सांगठनिक कार्यलाई सहयोग पुऱ्याउने र केन्द्रीय समिति सँग समन्वय गराउने ।

**(३) महामन्त्री**

(क) महामन्त्री ने.वि.संघको केन्द्रीय कार्यालयका प्रमुख रहने छन् ।

(ख) महामन्त्रीले महाधिवेशन, सिनेट, केन्द्रीय कार्यसमिति, केन्द्रीय विभाग, आयोग र अन्य निकायहरुको निर्णय कार्यान्वयन गर्ने गराउने छन् ।

(ग) अध्यक्षको आदेश अनुसार केन्दीय कार्यसमितिको बैठक बोलाउने, प्रस्ताव पेश गर्ने, तथा बैठक सम्बन्धि प्रस्ताव बारे केन्द्रीय पदाधिकारीहरु तथा सदस्यहरुलाई अग्रीम जानकारी उपलब्ध गराउने ।

(घ) दैनिक कार्य संचालनका लागि सभापतिलाई सहयोग पुऱ्याउने र प्राप्त महत्वपूर्ण विषयहरुको जानकारी गराउने ।

(ङ) संघको सबै प्रकारको अभिलेख राख्ने, संरक्षण गर्ने र गर्न लगाउने ।

**(४) कोषाध्यक्ष :**

(क) ने.वि.संघको आर्थिक स्रोत साधनको सम्बर्द्धन गर्ने तथा सम्पूर्ण आय-व्ययको अद्यावधिक अभिलेख राख्ने ।

(ख) केन्द्रीय कार्यसमितिको बैठकले निर्णय गरे बमोजिमको बैंकमा खाता खोली अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट खाता संचालन गर्ने ।

(ग) केन्द्रमा प्राप्त हुने सदस्यता शुल्क, अन्य सहयोग रकम केन्द्रको निर्णय अनुसार तोकिएको कार्यमा खर्च गर्ने र त्यसको हिसाव राख्ने ।

(घ) मान्यता प्राप्त लेखा परिक्षकबाट ने.वि.संघको वार्षिक लेखा परिक्षण गराई त्यसको प्रतिवेदन केन्द्रीय समितिमा प्रस्तुत गर्ने ।

(ङ) महाधिवेशनमा आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने ।

**(५) सहमहामन्त्री :**

(क) ने.वि.सघको सचिवालय संचालनका लागि महामन्त्रीलाई सहयोग गर्ने ।

(ख) महामन्त्रीको अनुपस्थितिमा तोकिएको सहमहामन्त्रीले महामन्त्रीको जिम्मेवारी सम्पादन गर्ने ।

## धारा १४. केन्द्रीय कार्यसम्पादन समितिको गठन :

(१) केन्द्रीय कार्यसमितिको बैठक तत्काल बस्न नसेकेको अवस्थामा संगठनका आवश्यक निर्णयहरु गर्न ३७ सदस्यीय कार्यसम्पादन समिति रहनेछ । जसको गठन देहाय बमोजिम हुनेछ ।

(क) केन्द्रीय कार्यसमितिको अध्यक्ष, महामन्त्री, उपाध्यक्ष, कोषाध्यक्ष र सहमहामन्त्री सहित २७ जना ।

(ख) केन्द्रीय सदस्यहरु मध्येबाट केन्द्रीय अध्यक्षद्वारा समावेशीतालाई समेत दृष्टिगत गरी मनोनित गरिएका सदस्यहरु १० जना ।

(२) केन्द्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकारः

(क) केन्द्रीय कार्यसम्पादन समितिले केन्द्रीय कार्यसमितिको बैठक बस्न नसकेको अवस्थामा केन्द्रीय कार्यसमितिले गर्ने आवश्यक निर्णय गर्नेछ ।

(ख) कार्यसम्पादन समितिले गरेका निर्णयहरु केन्द्रीय कार्यसमितिको वैठकमा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

## भाग ७

### धारा १५. प्रदेश अधिवेशन

नेपालको संघीय संरचना अनुरुप सात प्रदेशमा नेपाल विद्यार्थी संघको प्रदेश समिति रहनेछन् । प्रदेश अधिवेशनमा देहाय बमोजिमका प्रतिनिधिहरु सहभागी हुनेछन् ।

(१) जिल्ला अधिवेशनबाट निर्वाचित प्रदेश अधिवेशन प्रतिनिधिः

(क) विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुबाट जिल्ला अधिवेशनमा प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट हरेक विश्वविद्यालयको अलग-अलग रुपमा समावेशीताको आधारमा सम्पूर्ण संख्याको २० प्रतिशत प्रदेश अधिवेशन प्रतिनिधि चयन गरिनेछ ।

(ख) सीटीईभीटी अन्तर्गतका शिक्षालयहरुबाट जिल्ला अधिवेशनमा प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट समावेशीताको आधारमा सम्पूर्ण संख्याको २० प्रतिशत प्रदेश अधिवेशन प्रतिनिधि चयन गरिनेछ ।

(ग) क्याम्पस एवं सीटीईभीटी एकाई प्रतिनिधि बाहेक पालिका भेलाबाट जिल्ला अधिवेशनका निम्ति प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु, जिल्ला समिति र जिल्ला अध्यक्षबाट मनोनित प्रतिनिधिहरु मध्येबाट समावेशीताको आधारमा अधिवेशनको सम्पूर्ण संख्याको २० प्रतिशत प्रदेश अधिवेशन प्रतिनिधि चयन गरिनेछ ।

(२) प्रदेश ३ को हकमा उपत्यकाका भित्रका स्व.वि.यू. निर्वाचन हुने क्याम्पसहरुबाट अनुसूची–२ बमोजिम प्रदेश अधिवेशनमा भाग लिनेछन् ।

(३) प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पस, २१ सदस्यीय स्व.वि.यु. निर्वाचन हुने क्याम्पस र विश्वविद्यालय समितिहरुबाट निम्न बमोजिम प्रतिनिधि रहनेछन् ।

(क) अनुसूची–२ मा व्यवस्था भए बमोजिम एकाई, समिति र स्व.वि.यु.बाट प्रतिनिधित्व रहनेछ ।

(४) जिल्ला समिति अध्यक्ष, स्ववियु निर्वाचन हुने क्याम्पसका एकाई अध्यक्ष र स्ववियु सभापति प्रदेश अधिवेशनका पदेन प्रतिनिधि रहने छन ।

(५) प्रदेश समिति अध्यक्षबाट समावेशी प्रतिनिधित्वका आधारमा मनोनित १० जना ।

(६) सम्बन्धित प्रदेश समिति ।

### धारा १६. प्रदेश सभा :

प्रदेश समितिले वर्षको एक पटक प्रदेश भित्र रहेका केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु, प्रदेश समिति, ने.वि.संघ जिल्ला अध्यक्षहरु, स्व.वि.यु. निर्वाचन हुने क्याम्पस एकाई एवं स्ववियु अध्यक्षहरु, सीटीईभीटीको आंगिक शिक्षालयका एकाई अध्यक्षहरुको सहभागिता रहने गरी प्रदेश सभाको बैठक बोलाउन पर्नेछ । सो सभाले नेपाल विद्यार्थी संघको संगठनात्मक गतिविधि, कार्ययोजना र विद्यार्थी हक हितका सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ ।

### धारा १७. प्रदेश समितिको गठन :

(१) सात वटै प्रदेशमा प्रदेश समिति गठन गरिनेछ ।

(२) प्रदेश अधिवेशनले केन्द्रीय प्रतिनिधिको रोहवरमा प्रदेशमा विद्यमान जनसंख्याको बनोटलाई समेत आधार मानी **अनुसूची–३** मा व्यवस्था भए बमोजिम समावेशी प्रतिनिधित्व सहितको ४१ जना रहेको प्रदेश समितिको निर्वाचन गर्नेछ ।

(३) प्रदेश अध्यक्षले अधिवेशन प्रतिनिधि मध्येबाट समावेशीता समेत दृष्टिगत गरी १० जना सदस्य मनोनित गर्नेछन् ।

(४) अध्यक्षले निर्वाचित सदस्यहरु मध्येबाट १ उपाध्यक्ष, १ छात्रा सहसचिव, १ दलित सहसचिव र १ अन्य समावेशी सहसचिव मनोनित गर्नेछ ।

(५) प्रदेश समितिको कार्यकाल २ वर्षको रहनेछ ।

(६) सम्बन्धित प्रदेश भित्रका केन्द्रीय पदाधिकारी एवं सदस्यहरु (स्थायी आमन्त्रित सदस्य) र जिल्ला अध्यक्षहरु यस समितिमा पदेन सदस्य रहनेछन् ।

## धारा १८. प्रदेश समितिको काम, कर्तव्य र अधिकार

(१) प्रदेश समितिको नियमित बैठक हरेक ३ महिनामा बस्नेछ । तर प्रदेश समितिका एक तिहाई सदस्यले माग गरेमा प्रदेश समितिको विशेष बैठक १५ दिन भित्र बोलाउनु पर्नेछ ।

(२) प्रदेश समितिले मातहतका समितिहरुलाई सांगठनिक नेतृत्व प्रदान गर्नेछ ।

(३) प्रदेश समितिले केन्द्रीय विधानको परिधि भित्र रहेर आवश्यक कार्यविधि/निर्देशिका जारी गर्न सक्नेछ ।

(४) प्रदेश समितिले नेपाल विद्यार्थी संघ केन्द्रीय समितिले पारित गरेका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक योजना बनाउन सक्नेछ ।

## धारा १९. प्रदेश कार्यसम्पादन समितिको गठन :

(१) प्रदेश समितिको कार्यलाई छिटो, छरितो र व्यवस्थित गर्न १५ सदस्यीय कार्यसम्पादन समिति रहनेछ । जसको गठन देहाय बमोजिम हुनेछ ।

(क) प्रदेश समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष सहित ५ जना ।

(ख) प्रदेश समितिले चयन गरेका ५ जना सदस्यहरु ।

(ग) प्रदेश अध्यक्षबाट समावेशीतालाई समेत दृष्टिगत गरी मनोनित ५ जना सदस्यहरु ।

**(२) प्रदेश कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार**

(क) प्रदेश समितिको बैठक बस्न नसकेको अवस्थामा प्रदेश कार्यसम्पादन समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

(ख) कार्यसम्पादन समितिको यस्तो निर्णय प्रदेश कार्यसमितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

## धारा २०. महाधिवेशन प्रतिनिधिको निर्वाचन :

(१) विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट हरेक विश्वविद्यालयको अलग-अलग रुपमा समावेशीताको आधारमा सम्पूर्ण संख्याको २० प्रतिशत महाधिवेशन प्रतिनिधि निर्वाचित गरिनेछ ।

(२) सीटीईभीटी अन्तर्गतका शिक्षालयहरुबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट समावेशीताको आधारमा सम्पूर्ण संख्याको २० प्रतिशत महाधिवेशन प्रतिनिधि निर्वाचित गरिनेछ ।

(३) क्याम्पस एवं सीटीईभीटी एकाई प्रतिनिधि बाहेक भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट समावेशीताको आधारमा अधिवेशनको सम्पूर्ण संख्याको २० प्रतिशत महाधिवेशन प्रतिनिधि निर्वाचित गरिनेछ ।

(४) जिल्ला अध्यक्ष पदेन महाधिवेशन प्रतिनिधि हुनेछन् ।

(५) प्रदेश समिति अध्यक्ष पदेन महाधिवेशन प्रतिनिधि हुनेछन् ।

## धारा २१. जिल्ला अधिवेशन

(१) गठन :

जिल्ला अधिवेशनमा देहाय बमोजिमका प्रतिनिधिहरु सहभागी हुनेछन् ।

(क) पालिका भेलाबाट निर्वाचित जिल्ला अधिवेशन प्रतिनिधिहरु ।

(१) सीटीईभीटी अन्तर्गतका टीएसईई शिक्षालयहरुबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट समावेशीताको आधारमा सम्पूर्ण संख्याको २० प्रतिशत जिल्ला अधिवेशन प्रतिनिधि निर्वाचित गरिनेछ ।

(२) माध्यामिक विद्यालयबाट पालिका भेलामा प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट समावेशीताको आधारमा सम्पूर्ण संख्याको २० प्रतिशत जिल्ला अधिवेशन प्रतिनिधि निर्वाचित गरिनेछ । तर एक संघीय निर्वाचन क्षेत्र भएका जिल्लाहरुको हकमा भने पालिका भेलामा उपस्थित संख्याको ३० प्रतिशत जिल्ला अधिवेशन प्रतिनिधि निर्वाचित गरिनेछ ।

(ख) अनुसूची–४ मा व्यवस्था भए बमोजिम क्याम्पस एकाई एवं स्ववियुबाट प्रतिनिधित्व हुनेछ । तर उपत्यकाको जिल्लाहरुको हकमा स्ववियू निर्वाचन नहुने क्याम्पस एकाई मात्र जिल्ला अधिवेशनमा सहभागी हुन पाउनेछन् ।

(ग) जिल्ला अध्यक्षबाट समावेशी प्रतिनिधित्व रहने गरि मनोनित १० जना प्रतिनिधिहरु ।

(घ) वर्तमान जिल्ला समिति ।

(२) **जिल्ला समिति :**

(क) जिल्ला अधिवेशनले १ अध्यक्ष, १ सचिव, १ कोषाध्यक्ष सहित न्युनतम १९ जना देखि अधिकतम ३१ जना सम्मको जिल्ला समितिको निर्वाचन गर्नेछ । एक संसदीय निर्वाचन क्षेत्र भएका जिल्लाहरुमा १९ जना, पाँच निर्वाचन क्षेत्रसम्म रहेको जिल्लाहरुमा २५ जना र पाँच भन्दा बढी निर्वाचन क्षेत्र रहेका जिल्लाहरुमा ३१ जना रहेको जिल्ला समिति बन्नेछ । सदस्यहरु निर्वाचित गर्दा प्रदेश सभा निर्वाचन क्षेत्र अन्तर्गतका शिक्षण संस्थाबाट न्युनतम १ जना पर्ने गरि गर्नु पर्नेछ । जिल्ला समितिमा निर्वाचित गर्दा छात्रा र दलित विद्यार्थीबाट अनिवार्य रुपमा समानुपातिक प्रतिनिधित्व हुनु पर्नेछ । अन्य समावेशीबाट निर्वाचित गर्दा प्रदेशमा विद्यमान समावेशी विद्यार्थी संरचनाको आधारमा गर्नु पर्नेछ ।

(ख) जिल्ला अध्यक्षले जिल्ला प्रतिनिधि मध्येबाट एक निर्वाचन क्षेत्र रहेका जिल्लाहरुमा ६ जना, पाँच निर्वाचन क्षेत्रसम्म भएका जिल्लाहरुमा ८ जना र पाँच भन्दा बढी निर्वाचन भएका जिल्लाहरुमा १० जना सदस्य समावेशी आधारमा मनोनित गर्नेछ ।

(ग) जिल्ला अध्यक्षले निर्वाचित सदस्यहरु मध्येबाट १ उपाध्यक्ष र १ सहसचिव मनोनित गर्नेछ ।

(घ) जिल्ला समितिले आफ्ना मातहत निकायहरुमा समन्वय ल्याई प्रभावकारी रुपमा संगठन विस्तार गर्नेछ ।

(ङ) जिल्ला समितिको पदावधि २ वर्षको रहनेछ ।

(च) **कार्य संचालन र दायित्व :**

(१) जिल्ला समितिको नियमित बैठक दुई महिनामा एक पटक बस्नु पर्ने छ । कम्तिमा पनि प्रत्येक ६ महिनामा एक बैठकमा केन्द्रीय सदस्य वा प्रतिनिधिलाई आमन्त्रित गर्नु पर्नेछ ।

(२) जिल्ला सभाले पारित गरेका नीति, निर्देशन र कार्यक्रमलाई कार्य समितिले प्रभावकारी रुपमा कार्यन्वयन गर्नुका साथै आफ्ना वार्षिक कार्यक्रमहरु जिल्ला सभामा छलफलका लाीग पेश गर्नु पर्नेछ ।

(३) जिल्ला समितिले संगठन तथा कार्यकर्ताको अभिलेख, सदस्यता वितरणको अभिलेख, संगठनको कार्य प्रगति समिक्षा प्रत्येक ६ महिनामा गरि सोको प्रतिवेदन केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

४. जिल्लाका क्याम्पस एकाईहरुमा आवश्यक समन्वय गरी संगठनको प्रभाव विस्तार गर्नेछ ।

५. यस नियमावलीमा उल्लेख भएका मातहत एकाईसंग सम्बन्धित रहेका विभिन्न कार्यहरुको रेखदेख र अनुगमन गर्नेछ ।

(३) **जिल्ला अधिवेशनबाट निर्वाचित प्रदेश अधिवेशन प्रतिनिधिः**

(क) विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरुबाट जिल्ला अधिवेशनमा प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट हरेक विश्वविद्यालयको अलग अलग रुपमा समावेशीताको आधारमा सम्पूर्ण संख्याको २० प्रतिशत प्रदेश अधिवेशन प्रतिनिधि चयन गरिनेछ ।

(ख) सीटीईभीटी अन्तर्गतका शिक्षालयहरुबाट जिल्ला अधिवेशनमा प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट समावेशीताको आधारमा सम्पूर्ण संख्याको २० प्रतिशत प्रदेश अधिवेशन प्रतिनिधि चयन गरिनेछ ।

(ग) क्याम्पस एवं सीटीईभीटी एकाई प्रतिनिधि बाहेकका जिल्ला अधिवेशनमा प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट समावेशीताको आधारमा अधिवेशनको सम्पूर्ण संख्याको २० प्रतिशत प्रदेश अधिवेशन प्रतिनिधि चयन गरिनेछ ।

(४) **जिल्ला सभा**

जिल्ला समितिले वर्षको एक पटक जिल्ला भित्र रहेका ने.वि.संघ पालिका संयोजकहरु, क्याम्पस एकाई एवं स्व.वि.यु. अध्यक्षहरु, सीटीईभीटी एकाई अध्यक्षको सहभागिता रहने गरी जिल्ला सभाको बैठक बोलाउन पर्नेछ । सो सभाले नेपाल विद्यार्थी संघको संगठनात्मक गतिविधि, कार्ययोजना र विद्यार्थी हक हितका सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ ।

**धारा २२. पालिका भेला**

(१) **गठन :**

**अनुसूची–५** मा व्यवस्था भए बमोजिम पालिका भेलामा प्रतिनिधित्व रहनेछ ।

(२) **पालिका समन्वय समिति**

पालिका भित्र रहेका विद्यालय, क्याम्पस र सीटीईभीटीका अध्यक्ष मध्येबाट पालिका समन्वय समितिको एक संयोजक र एक उप-संयोजक छनौट गर्ने छन् । संयोजक र उप-संयोजक मध्ये एक जना छात्रा अनिवार्य हुनु पर्ने छ । छात्रा नभएको खण्डमा एक जना समावेशीताका आधारमा प्रतिनिधित्व हुनु पर्ने छ । सबै एकाई अध्यक्ष समन्वय समितिका सदस्य रहनेछन् ।

(३) **जिल्ला अधिवेशन प्रतिनिधि निर्वाचन**

(क) पालिका अर्न्तगतका सीटीईभीटी (टीएसईई ) शिक्षालयहरुबाट स्थानीय तह भेलामा प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट समावेशीताको आधारमा सम्पूर्ण संख्याको २० प्रतिशत जिल्ला अधिवेशन प्रतिनिधि निर्वाचित गरिनेछ । यसरी जिल्ला प्रतिनिधि निर्वाचन गर्दा हरेक शिक्षालयबाट न्यूनतम एक जनाको अनिवार्य प्रतिनिधित्व रहनु पर्नेछ । साथै प्रतिनिधि छनौट गर्दा कम्तिमा एक तिहाई प्रतिनिधित्व छात्राबाट गरिनेछ ।

(ख) पालिका अर्न्तगतका माध्यामिक विद्यालयहरुबाट भेलामा प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मध्येबाट समावेशीताको आधारमा सम्पूर्ण संख्याको २० प्रतिशत जिल्ला अधिवेशन प्रतिनिधि निर्वाचित गरिनेछ । तर एक संघीय निर्वाचन क्षेत्र भएका जिल्लाहरुको हकमा भने पालिका भेलामा उपस्थित संख्याको ३० प्रतिशत जिल्ला अधिवेशन प्रतिनिधि निर्वाचित गरिनेछ । यसरी जिल्ला प्रतिनिधि निर्वाचन गर्दा हरेक विद्यालयबाट न्युनतम एक जनाको अनिवार्य प्रतिनिधित्व रहनु पर्नेछ ।

**धारा २३.** स्वतन्त्र विद्यार्थी यूनियनको निर्वाचनमा उम्मेद्वार छनौटका सम्बन्धमा निम्न बमोजिमको संयन्त्र गठनको व्यवस्था गरिएको छ ।

(१) **स्ववियु निर्वाचन उम्मेदवार केन्द्रीय छनौट समिति**

संयोजक : केन्द्रीय अध्यक्ष

सदस्य : उपाध्यक्ष (सम्बन्धित प्रदेश)

सदस्य : महामन्त्रीहरु
सदस्य : सह महामन्त्री (सम्बन्धित प्रदेश/उपत्यकाको हकमा मात्र उपत्यकाञ्चलबाट प्रतिनिधित्व गर्ने सह-महामन्त्री)
सदस्य : सम्बन्धित विश्वविद्यालयबाट निर्वाचित केन्द्रीय सदस्य

(२) **स्ववियु निर्वाचन उम्मेदवार प्रदेश छनौट समिति**
संयोजक : प्रदेश अध्यक्ष
सदस्य : प्रदेश उपाध्यक्ष
सदस्य : प्रदेश सचिव
सदस्य : केन्द्रीय अध्यक्षबाट मनोनित केन्द्रीय प्रतिनिधि
सदस्यः सम्बन्धित जिल्लाको अध्यक्ष

**द्रष्टव्य** : *स्ववियु निर्वाचनमा उम्मेद्वारको छनोट सम्बन्धित क्याम्पस एकाईले छनोट गर्नेछ । एकाईले उम्मेद्वार छनौट गर्ने क्रममा विवाद उत्पन्न भएमा केन्द्रीय निर्वाचन उम्मेदवार छनौट समितिले हेर्ने क्याम्पस भन्दा बाहेक उपत्यका बाहिरको हकमा सम्बन्धित जिल्ला समितिले सम्बन्धित क्याम्पस एकाई सँग समन्वय गर्न प्रतिनिधि खटाई उम्मेदवार छनौट गर्ने छ । उम्मेद्वार छनौटको विषयमा क्याम्पस एकाई र जिल्ला समितिमा विवाद उत्पन्न भएमा प्रदेश संयन्त्रले निर्णय गर्ने छ ।*

## धारा २४. अनुशासन समिति :

(१) केन्द्रीय अध्यक्षको प्रस्तावमा केन्द्रीय कार्यसमितिले नेपाल विद्यार्थी संघका सम्पुर्ण सदस्यहरुलाई अनुशासित, मर्यादित र संगठनको बृहत्तर हित अनुकुल क्रियाशील गराउन एक संयोजक सहित ३ सदस्यीय केन्द्रीय अनुशासन समितिको गठन गर्नेछ ।
(२) यस समितिले नेपाल विद्यार्थी संघको विधान बमोजिम, अनुशासन उल्लँघनको उजुरी परेको समिति, पदाधिकारी, सदस्यमाथि आवश्यक कारवाही गर्नेछ । यसरी कारवाही गर्दा सम्बन्धित समिति, पदाधिकारी र सदस्यहरुलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन ।
(३) अनुशासन समितिले गरेको निर्णय उपर चित्त नबुझेको खण्डमा १५ दिन भित्र न्यायीक समिति समक्ष पुनरावेदन गर्न सकिनेछ । पुनरावेदन उपर न्यायीक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

## धारा २५. न्यायीक समिति :

पार्टीले नेपाल विद्यार्थी संघका पूर्व केन्द्रीय अध्यक्षको संयोजकत्वमा ३ सदस्यीय न्यायीक समितिको गठन गर्नेछ ।

## धारा २६. केन्द्रीय निर्वाचन समिति :

नेपाल विद्यार्थी संघको महाधिवेशन सम्पन्न गर्नका लागि पार्टीले केन्द्रीय निर्वाचन समिति गठन गर्नेछ । केन्द्रीय निर्वाचन समितिले निर्वाचन सम्बन्धि कार्यविधि आफैं तय गर्नेछ ।

# भाग ८

## धारा २७. केन्द्रीय विभागहरु :

नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमितिले आफ्ना मातहतका निकायलाई व्यवस्थित तुल्याउन अधिकारको विकेन्द्रीकरण तथा कार्यको विशिष्टीकरणको सिद्धान्त अनुरुप केन्द्रीय शिक्षा, संगठन, प्रशिक्षण, अतिरिक्त क्रियाकलाप, अभिलेख, प्रशिक्षण, प्रचार प्रसार, प्रकाशन, शैक्षिक, विदेश, सामाजिक तथा खेलकुद, साहित्य तथा सांस्कृतिक, छात्रा, सम्पर्क तथा समन्वय, आदिवासी जनजाती, दलित, मधेश विद्यार्थी, थारु, मुस्लिम, विज्ञान तथा प्रविधि, माध्यामिक विद्यालय समन्वय तथा अन्य आवश्यक विभाग गठन गर्न

सक्नेछ । यस्ता विभागहरुका काम, कर्तव्य र अधिकार केन्द्रीय कार्यसमितिले जारी गरेको निर्देशिका बमोजिम हुनेछ ।

## भाग ९

**विविध :**

**धारा २८. कोषको व्यवस्था :**

नेपाल विद्यार्थी संघका सबै निकायमा कोषको व्यवस्था हुनेछ । जसको संचालन बैंक मार्फत अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

**धारा २९. पदावधि व्यवस्था :**

नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमितिको पदावधि दुई बर्ष रहने छ । विशेष परिस्थिति उत्पन्न भई महाधिवेशन सम्पन्न हुन नसकेमा पार्टीले पाँच महिना म्याद थप गर्न सक्नेछ । सो अवधि भित्र पनि महाधिवेशन नभएको खण्डमा केन्द्रीय कार्यसमिति स्वत भंग हुनेछ । यस्तो अवस्थामा छ महिना भित्र महाधिवेशन सम्पन्न गर्ने गरी पार्टीले तदर्थ केन्द्रीय कार्यसमितिको गठन गर्नेछ ।

**धारा ३०. लेखा परिक्षण समिति :**

संघको केन्द्रीय अध्यक्षले तोकेको उपाध्यक्षको संयोजकत्वमा ३ सदस्यीय लेखा परिक्षण समिति गठन हुनेछ । सो समितिले मान्यता प्राप्त लेखापरिक्षकबाट वार्षिक आय-व्ययको लेखा परिक्षण गराई केन्द्रीय कार्यसमितिमा बुझाउने छ । सो समितिबाट प्राप्त लेखा परिक्षण र आर्थिक प्रतिवेदन कोषाध्यक्षले संघको महाधिवेशन र सिनेटमा प्रस्तुत गर्नेछन् ।

**धारा ३१. रिक्त स्थानको पूर्ति :**

(१) संघको कुनै पद कारणवस रिक्त हुन आएमा सो स्थानका लागि यस विधानमा अन्य व्यवस्था भएकोमा बाहेक जुन प्रक्रियाबाट चयन भएको हो सोहि प्रक्रियाद्वारा पदपूर्ति गरिनेछ ।

(२) संघको कुनै पनि निकायको पद रिक्त हुन आएमा केन्द्र या सम्बन्धित प्रदेशले आवश्यक कार्यविधि बनाई पदपूर्ति गर्न उपधारा (१) बमोजिम वाधा पुगेको मानिने छैन ।

**धारा ३२. अविश्वासको प्रस्ताव :**

महाधिवेशनका एक तिहाई सदस्यहरुले केन्द्रीय समितिको अध्यक्षको विरुद्ध कारण खुलाई लिखित रुपमा केन्द्रीय समितिमा अविश्वास प्रस्ताव दर्ता गर्न सक्नेछन् । यसरी दर्ता हुन आएको प्रस्ताव उपर छलफल गर्न ३ महिना भित्र विशेष महाधिवेशन बोलाउनु पर्नेछ । महाधिवेशन प्रतिनिधिहरुको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले उक्त प्रस्ताव पारित गर्न सक्नेछ ।

**धारा ३३. गणपुरक संख्या :**

संघको महाधिवेशन, सिनेट र केन्द्रीय कार्यसमितिको बैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ र यस विधानमा अन्य व्यवस्था भएदेखि बाहेक आवश्यक संख्याको सामान्य बहुमतले निर्णय गर्न सक्नेछ ।

**धारा ३४. निलम्बन/विघटन :**

संघको कुनै पनि निकाय निस्क्रिय वा संगठन विरोधी गतिविधिमा संलग्न भएको देखिएमा त्यस्ता निकायलाई निलम्बन वा विघटन गर्न सकिनेछ । तर निलम्बन गर्नु अघि सफाईको लागि अवसर दिइनेछ । यसरी विघटनमा परेका निकायका हकमा केन्द्रीय कार्यसमितिले १ महिना भित्र तदर्थ समिति गठन गर्न सक्नेछ । उक्त तदर्थ समितिले ३ महिना भित्र अधिवेशन सम्पन्न गर्नु पर्ने छ ।

**धारा ३५. विधान संशोधन :**

नेपाल विद्यार्थी संघ केन्द्रीय समिति वा महाधिवेशनका २५ प्रतिशत सदस्यले विधान संशोधनको प्रस्ताव केन्द्रीय महाधिवेशन समक्ष प्रस्तुत गर्न सक्नेछन् । महाधिवेशनको सामान्य बहुमतबाट सो संशोधन प्रस्ताव पारित गर्न सकिनेछ । उक्त संशोधित विधान पार्टी समक्ष स्वीकृतिका लागि पेश भई स्वीकृत भएको हद सम्म लागू हुनेछ ।

**धारा ३६. कार्यालय संचालन** :

केन्द्रीय कार्यालय सञ्चालन गर्न केन्द्रीय अध्यक्षले मुख्य सचिव समेत आवश्यकता अनुसार अन्य कर्मचारीहरुको नियुक्ति गर्न सक्नेछ ।

**धारा ३७. झण्डा, छाप र कार्यालय :**

(१) **झण्डा :**

(क) नेपाल विद्यार्थी संघको झण्डा चार कोण सहितको आयताकार, रातो पृष्ठभूमिको केन्द्रमा सेतो गोलाकार भित्र कलम र मसाल चिन्ह अंकित हुनेछ ।

(ख) दांयातिरबाट बाँयातर्फ गएको हरियो डाँठ भएको कलम र बाँयातिरबाट कलम माथि हुँदै दायाँतर्फ गएको हरियो डाँठ र रातो लप्का भएको मसाल हुनेछ ।

(२) **छाप :**

नेपाल विद्यार्थी संघको छाप अनुसूची–६ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) **कार्यालय** :

नेपाल विद्यार्थी संघको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । प्रदेश कार्यालयहरु सम्बन्धित प्रदेशको राजधानीमा र जिल्ला कार्यालयहरु सम्बन्धित जिल्ला सदरमुकाममा रहनेछन् ।

**धारा ३८. मातृसंस्थाका सम्बन्धमा :**

नेपाली कांग्रेस, नेपाल विद्यार्थी संघको मातृ संस्थाको रुपमा रहनेछ ।

**धारा ३९. बाधा अड्काउ फुकाउ :**

यो विधानको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा बाधा अड्काउ फुकाउने अधिकार नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमितिलाई हुनेछ । यस विषयमा गरिएका केन्द्रीय कार्यसमितिका निर्णयहरु पछि हुने सिनेटको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

**धारा ४०. राजिनामा :**

(१) केन्द्रीय अध्यक्षको राजिनामा नेपाल विद्यार्थी संघको केन्द्रीय कार्यसमिति मार्फत पार्टी सभापति समक्ष प्रस्तुत हुनेछ । राजिनामा स्वीकृत गर्ने अधिकार नेपाली कांग्रेस केन्द्रीय सभापतिलाई हुनेछ । अध्यक्षको राजिनामा स्वीकृत भएमा रिक्त पदमा विधानमा व्यवस्था भए बमोजिम नियुक्ति हुनेछ ।

(२) केन्द्रीय कार्यसमितिका अन्य पदाधिकारीका हकमा अध्यक्ष समक्ष राजीनामा दिनु पर्नेछ । उक्त राजीनामा अध्यक्षले स्वीकार गर्न सक्नेछन् । त्यसरी रिक्त हुन आएको पदमा विधान बमोजिम पदपूर्ति गरिनेछ ।

(३) प्रदेश अध्यक्षले केन्द्रीय अध्यक्ष समक्ष र जिल्ला अध्यक्षले प्रदेश अध्यक्षलाई बोधार्थ दिई केन्द्रीय अध्यक्ष समक्ष आफ्नो पदबाट राजीनामा गर्न सक्नेछ ।

(४) प्रदेश अध्यक्ष र जिल्ला अध्यक्षको राजीनामा स्वीकार गर्ने/नगर्ने अधिकार केन्द्रीय अध्यक्षलाई हुनेछ ।

(५) यसरी रिक्त हुन आएको पदमा विधान बमोजिम पदपूर्ति हुनेछ ।

(६) अन्य एकाई एवं समितिको रिक्त पदपूर्तिको हकमा केन्द्रीय कार्यसमितिले कार्यविधि बनाई व्यवस्था गरे बमोजिम हुनेछ ।

## धारा ४१. सदस्यता वितरण, नविकरण र शुल्क सम्बन्धमा :

नेपाली विद्यार्थी संघको साधारण सदस्यता केन्द्रीय कार्यसमितिले व्यवस्था गरे बमोजिम मुलुकभरि वितरण गरिनेछ । सदस्यता वापत उठेको शुल्क सम्बन्धित एकाई/समिति, जिल्ला समिति, प्रदेश समिति र केन्द्रीय समितिमा २५/२५ प्रतिशतका दरले जम्मा गरिनेछ । सदस्यताको नविकरण तथा नयाँ सदस्य बन्ने प्रक्रिया विधान तथा नियमावलीले व्यवस्था गरे बमोजिम हुनेछ ।

## धारा ४२. खारेजी र बचाउ :

यो विधान लागू भएपछि नेपाल विद्यार्थी संघको विधान २०२७ ( परिमार्जित तथा संशोधित २०५२, २०५७, २०५९, २०६७ र २०७३ ) बमोजिम भए गरेका सबै काम कारवाही यसै विधान अन्तर्गत भए गरेको मानिनेछ ।

## धारा ४३. उम्मेदवारीको मापदण्ड :

नेपाल विद्यार्थी संघको कुनै पनि निकायको अधिवेशनमा सहभागी हुन सम्बन्धित शिक्षण संस्थामा अध्ययनरत, ३२ वर्ष ननाघेको, साधारण सदस्यता लिई वा नविकरण गरी विधान बमोजिम सम्बन्धित अधिवेशनको प्रतिनिधि भएको हुनु पर्नेछ ।

## धारा ४४. निर्वाचन पद्धति :

संघको सबै तहमा हुने निर्वाचनमा उम्मेद्वारी र छनौट सम्बन्धी विधि र प्रक्रियाका सम्बन्धमा केन्द्रीय समितिले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

### धारा ४५. आरक्षण सम्बन्धी व्यवस्था :

समावेशी आरक्षित पदमा प्रतिनिधित्व गर्दा कुनै पनि व्यक्तिले उही पदमा दोहोर्‍याएर प्रतिनिधित्व गर्न पाउने छैन । विभिन्न तहबाट अधिवेशनमा प्रतिनिधि चयन गर्दा एकाई तहबाट पालिका भेला तथा जिल्ला अधिवेशनमा सुनिश्चित गरिएको अनुपात कायम हुने गरी छात्रा तथा दलितको प्रतिनिधित्वको व्यवस्था गर्नु पर्नेछ ।

**जय नेपाल !**

## अनुसूची –१

| क्याम्पस एकाई | | | | | स्ववियु | | | |
|---|---|---|---|---|---|---|---|---|
| अध्यक्ष | छात्रा | अन्य समावेशी | खुला | जम्मा | अध्यक्ष | छात्रा | खुला | जम्मा |
| १ | २ | १ | ३ | ७ | १ | १ | २ | ४ |

## अनुसूची –२

| | | एकाई | | | | | | स्ववियु | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्याम्पस | स्ववियु संख्या | अध्यक्ष | छात्रा | दलित | अन्य समावेशी | खुला | जम्मा | अध्यक्ष | छात्रा | खुला | जम्मा |
| आंगिक | १५ सदस्यीय | १ | १ | १ | १ | ३ | ७ | १ | १ | १ | ३ |
| | १८ सदस्यीय | १ | २ | १ | १ | ४ | ९ | १ | १ | २ | ४ |
| | २१ सदस्यीय | १ | ३ | १ | १ | ५ | ११ | १ | १ | ३ | ५ |
| प्रतिष्ठान | | १ | १ | १ | १ | ३ | ७ | १ | १ | १ | ३ |
| केन्द्रीय क्याम्पस | | १ | ३ | १ | १ | ५ | ११ | १ | १ | ३ | ५ |

**स्पष्टिकरणः**

*(१) अन्य समावेशी भन्नाले आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम अपांग लगायत सम्बन्धित शैक्षिक संस्थाका एकाई भित्र अल्पसंख्यामा रहेका अन्य समुदायका विद्यार्थी भन्ने बुझिनेछ ।*

*(२) समावेशी प्रतिनिधित्वबाट पुर्ति हुन नसके उक्त संख्या खुलामा थप हुनेछ ।*

## अनुसूची–३

| | | | सदस्य | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समावेशी | | | | | | खुला | जम्मा |
| अध्यक्ष | सचिव | कोषाध्यक्ष | छात्रा | दलित | अन्य समावेशी | जम्मा | सीटीईभीटी | क्याम्पस | | |
| १ | १ | १ | ४ | २ | ७ | १३ | २ | ५ | १८ | ४१ |
| | | | | | | | | | | |

**स्पष्टिकरणः**

*अन्य समावेशी भन्नाले आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम अपांग लगायत सम्बन्धित प्रदेश भित्र अल्पसंख्यामा रहेका अन्य समुदायका विद्यार्थी समेत भन्ने बुझ्नु पर्दछ ।*

## अनुसूची–४

| | | एकाई | | | | | | स्वविyु | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्याम्पस | स्वविyु संख्या | अध्यक्ष | छात्रा | दलित | अन्य समावेशी | खुला | जम्मा | अध्यक्ष | छात्रा | खुला | जम्मा |
| सीटीईभीटी | | १ | १ | | १ | २ | ५ | | | | |
| स्वविyु निर्वाचन नहुने क्याम्पस एकाई | | १ | १ | १ | १ | ३ | ७ | | | | |
| स्वविyु निर्वाचन हुने क्याम्पस ( सामुदायिक/ संस्थागत) | १५ सदस्यीय | १ | ३ | १ | १ | ४ | १० | १ | १ | १ | ३ |
| | १८ सदस्यीय | १ | ३ | १ | २ | ५ | १२ | १ | १ | २ | ४ |
| | २१ सदस्यीय | १ | ३ | १ | २ | ७ | १४ | १ | १ | ३ | ५ |
| आंगिक | | ३ | | | | | | २ | | | |
| केन्द्रीय क्याम्पस | | ३ | | | | | | २ | | | |
| प्रतिष्ठान | | ३ | | | | | | २ | | | |

**स्पष्टिकरणः**

*(१) अन्य समावेशी भन्नाले आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम अपांग लगायत सम्बन्धित शैक्षिक संस्थाका एकाई भित्र अल्पसंख्यामा रहेका अन्य समुदायका विद्यार्थी भन्ने बुझिनेछ ।*

*(२) समावेशी प्रतिनिधित्वबाट पुर्ति हुन नसकि उक्त संख्या खुलामा थप हुनेछ ।*

## अनुसूची–५

| शिक्षण संस्था | अध्यक्ष | छात्रा | दलित | अन्य समावेशी | खुला | जम्मा |
|---|---|---|---|---|---|---|
| सीटीईभीटी( टीसीईई) | १ | २ | १ | १ | २ | ७ |
| विद्यालय | १ | ३ | १ | १ | ४ | १० |

**स्पष्टिकरणः**

*(१) अन्य समावेशी भन्नाले आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम अपांग लगायत सम्बन्धित शैक्षिक संस्थाका एकाई भित्र अल्पसंख्यामा रहेका अन्य समुदायका विद्यार्थी भन्ने बुझिनेछ ।*

*(२) समावेशी प्रतिनिधित्वबाट पुर्ति हुन नसके उक्त संख्या खुलामा थप हुनेछ ।*

## अनुसूची–६

### छाप

*(नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमितिले प्रयोग गर्दै आइरहेको छाप केन्द्रीय समितिले प्रयोग गर्नेछ । अन्य निकायको हकमा केन्द्रीय कार्यसमितिको ठाउँमा सम्बन्धित निकायले आफ्नो नाम राखी प्रयोगमा ल्याउनु पर्नेछ)*